# विश्व मानव समुदायको लागी धर्म संघ गुरुज्युको अमृतमय महा वाणी २०७३ ।

भाद्र १५, २०७४ (31.08.2017)




सर्वज्ञ परम पूज्यणीय ‘महा सम्बोधि धर्म संघ’ गुरुज्युबाट मिति २०७३ चैत्र ८ गते लालितपूर जिल्ला, कार्यविनायक न. पा. वडा नः १३ चुनिखेल बुगलमा सम्पन्न भएको विश्व शान्ति मैत्री पूजा महा दर्शन तथा अभिषेक कार्यक्रममा विश्व मानव समुदाएको लागी देशना भएको अमृतमय महा वाणी ।

धर्म संघ

बोधि श्रवण गुरु संघाय

मै मैत्री सर्व धर्म संघाय

शुद्ध चित्तको भावनालाई लिइ कल्पौ कल्प देखि आफ्रो आसनमा धर्मको नीति नियममा रहि पूर्ण निष्ठाका साथ समस्त संघ, धर्म प्रेमी, श्रद्धालु भक्तजन तथा अनुयायीहरुलाई असङ्ख्य धर्म तत्वको बोध गराउदै सर्व जगत प्राणी एवम् लोकको निम्ति यस संसारलाई प्रत्यक्ष रुपमा ‘मैत्री धर्म’ तथा ‘बोधि मार्ग’ दर्शन गराउँदै आइरहेको छु । तथापि यस मानव लोकमा (मनुष्य) अर्थात सम्पूर्ण जगत प्राणीहरु सत्यको समागममा बिमूख भइ सत्य मार्ग बिराएर, देखेता पनि नदेखे झैं भइ रहेका छन् । जगतकै समस्त प्राणी सर्व धर्म एक मैत्री भाव तथा भेदभाव रहित मनुष्यमा रहेको अन्तर आत्माको

भौतिक क्लेश रुपी व्यवहारहरुलाई त्याग गरि सत्य धर्मको मार्ग निरावरण गर्नु नै सत्य गुरुको मुख्य उद्वेश्य हो । धर्म भनेको मुक्ति र मोक्षको मार्ग प्रदान गर्ने एउटा अदृश्य सत्य तथ्य तत्व हो । एवम् परमात्मा भगवान वा सर्व बन्धनबाट मुक्ति मोक्ष प्राप्ती गर्नु भइ सकेको गुरुहरु बस्नु भएको लोक अथवा गुरु हो । धर्मको तत्व भनेको सत्य ज्ञानको बोध गराउनु तथा सत्य मार्ग खोज गरी सत्य मार्गमा लिन हुनु हो । धर्म ज्योति हो जुन सर्व प्रकाशवान महा तेज छ । सर्व लोक, ब्रह्माण्ड धर्म तत्वमा अडेको छ । धर्म एउटा स्वार्थ पूर्तिको बाटो नभइ, धर्म सर्व जगत प्राणीको उद्धारको निम्ति मुक्ति र मोक्षको एउटा मार्ग दर्शन हो । तथापि विश्वमा धर्म सदैव अक्षय हुनु नै सत्य तत्व हो ।

धर्मको संज्ञा दिइ संसारलाई अप्रत्यक्ष रुपमा झुट्टो आश्वासन देखाएर सोही मार्गको ढौंग रचि, आफू स्वयम् भ्रममा रहि सर्व जगत प्राणीहरुलाई भ्रममा राख्नु नै संसारलाई लोप तथा अनिष्ट मार्ग बोध गराउनु हो । यस लोकमा हामी भित्र रहेका क्लेश युक्त पदार्थलाई परिशुद्ध गरि सत्य धर्मलाई ग्रहण गरि धर्मगामीको मार्गलाई आफू लगायत अरुलाई बोध गराउनु नै यस मानव लोकबाट मुक्ति मोक्ष प्रदान गर्नु हो । सत्य धर्मलाई बोध गर्नको निम्ति समय सापेक्ष्य बढ्नु पर्ने हुन्छ । तसर्थ कर्मको फलको निम्ति हामी स्वयम् आफैमा निर्भर हुनु पर्छ । लोकको अर्थ नै सत्य र असत्य तथा पाप र पुण्य कर्मको फल हो । समय कालको अन्तराल पछि सत्य धर्म र सत्य मार्ग दर्शन बिच कृतिम रुपी, सम्पूर्ण जगत प्राणीहरु अज्ञानता पूर्ण सांस्कारहरुलाई नै सत्य धर्म मानी तथा परिशुद्ध मार्ग दर्शनको अनुभूतिलाई समेटी अज्ञानताको भुमरीमा भ्रमित भइ यस तत्वहीन भौतिक संसारमा रुमली रहेका छन् भने विवश भइ सत्य मार्ग दर्शनको खोजमा भौतारी रहेका छन् । परन्तु जगत प्राणीहरु स्वयम्ले त्यसलाई पूर्व काल देखी नै सत् धर्म एवम् परिशुद्ध मानी स्विकार्दै आएका छन् । जुन सत्यताको खोज सर्व मैत्री भाव गरि शाश्वत धर्म मार्गको नीति नियम पालना गरेर गुरु प्रति असीमित आदर सम्मानको भावनाद्वारा मन वचनले विश्वास पूर्ण श्रद्धा, भक्ति, आस्थाबाट भावना गर्नुमा रहन्छ । यसैबाट अन्ततः धर्मको यथार्थ बोध हुनेछ । धर्म त्यो होइन जसले क्रोध, लोभ, मोह, स्वार्थ, शोषण, भेदभाव, आरोप, प्रत्यरोप, शंका, उपशंका जस्ता स्वभाव सृजना गर्छ र संसारलाई विनाश गर्ने मार्ग अपनाउछ । धर्म मात्र केवल मैत्री भाव तत्व र सत्य कर्ममा रहन्छ । तसर्थ धर्ममा कुनै भेदभावको तत्व हुँदैन । आफू स्वयम् लगायत सर्व जगत प्राणीहरुलाई दुःख प्रदान गर्ने तत्वहरु बोध गरि विषको संज्ञा दिएर अन्तर हृदय देखीनै क्षय गर्छ, यो लोकमा नभइ परलोकमा पनि सुखी हुन्छ । धर्म एवम् मैत्री भाव स्थापीत गर्नको निम्ति मैत्री रस दिइ कर्मठ समागममा रहि आफ्रो मात्र नभइ संसारलाई धर्म तत्वको बोध गराउनु पर्छ । अन्ततः संसारमा समय अनुकुल धर्म परिवर्तन भइ सकेको छ ।

धर्ममा मार्ग नै मुख्य रहन्छ । मार्ग विना मुक्ति मोक्ष अब असम्भव छ । भौतिक संसारबाट धर्मको विस्तार भए तापनि धर्मको तत्व दुर्लभ छन् । गुरुले धर्मलाई विरोध गरेको होइन तर यस वर्तमान युगमा आएर ब्रह्माण्डमा मनुष्यहरु स्वयम् स्वार्थ पूर्तिको मार्गले रच्दै आएको कुनीतिहरुलाई सत्य मैत्री धर्म मार्ग दर्शनको क्षण बोध गराएको मात्र हो । गुरुको रुप लौकिक वा अलौकिक रुपमा रहन्छ । संसारमा देखिने सत्य गुरु नै परमात्मा गुरुको वास्तविक रुप हुन् । विश्वमा धर्म गुरुहरुले सत्यतामा रहेर धर्मको शासनमा रहन्छ उक्त धर्म गुरुहरु नै, मात्र वास्तविक धर्मको नेतृत्वमा पर्छ । आफू असत्य बनेर सत्य तथ्यलाई अवलोकन गर्नु भनेको आफू स्वयम्लाई एक छलको प्रतिविम्ब मानिन्छ । भगवान मार्ग, मार्ग गुरु, गुरु मार्ग गुरु र परमात्मा गुरुहरुले सत्य युग देखीनै बास गर्दै आएको यस ब्रह्माण्डमा मानव रुपी समस्त वनस्पति

तत्वरुपी भएता पनि मनुष्यहरुको लोभ, अहङ्कार, क्लेश, हिंशा र व्यापार जस्ता अन्ततः संसारमा प्रलय अनुगमन भएको यस वर्तमान युगमा पनि सत्य भाव सागरमा रहि सत्य धर्मको अनुसरण नगरी क्लिष्टता रुपमा रहि अहङ्कार, रिस, लोभ, मोह, इर्ष्या, हिंसा, व्यापार, शोषण त्याग नगरे संसारमा प्रलय निश्चित छ । अन्ततः संसारलाई चुनौति पनि हो ।

सत्य धर्म युग पछि प्राचिन कालमा औषधिको भोग महामारीमा सम्पूर्ण मानव जाती रोगले विचलित भइ व्याकुल रहेको अवस्थामा यि सम्पूर्ण वनस्पतिहरु परमात्मा गुरुहरुद्वारा नै अमृतको रुपमा प्रदान गर्नु भइ विष युक्त संसारलाई तथा जगत प्राणीको उद्धार गर्नु भएको हो । मैत्री धर्मको नीति नियमलाई पालना गरेर अखण्ड भाव चित्तमा उत्पन्न गराइ, आफ्नो मात्र नभइ सर्व प्राणीको निम्ति मुक्ति मोक्ष प्राप्त हुने सत् कर्म गरि देव भूमि सुखवति लोक जस्तै सुसम्पन्न बनाइ परमात्मा गुरुहरु प्रतीको अपार आदर सम्मान र विश्वास पूर्ण श्रद्धा, भक्ति, आस्था र अनुभुति तथा बोधद्वारा नै परमात्मा भगवानहरु र मनुष्य आत्मा बिच हुने सुमधुर सम्बन्धलाई अझ उत्कृष्ट बनाउने मार्ग दर्शन नै ‘मैत्री धर्म’ हो । सत्यतामा रहि धर्म पुण्य कर्म गरि धर्मका यिनै विशिष्ट तत्वहरु प्राप्त गर्न सकिन्छ । जो कोही पापले भरिएको संसारमा फसिन्छ त्यसको विनाश सुनिश्चित छ । जहाँबाट कहिल्यै उद्धार हुने छैन । स्वयम् गुरु र धर्मले पनि उद्धार गर्नुमा असमर्थ रहन्छ । जहाँ पुण्यको अस्तित्व अन्त्य भइ सकेको हुन्छ । जसरी यथार्थमा अमूल्य तत्वको महत्वपूर्ण हुन्छ, त्यसरी नै धर्म सत्य तत्व बोध गर्नु भइ मनुष्यहरु स्वयम् आफैले कर्तव्य पूरा गर्नु पर्छ । गुरुले मार्ग निर्देशित गर्नु भएर मात्र होइन तर मार्गमा यात्रा आफ्नो हो । सम्पूर्ण शील, समाधी, मान, प्रतिष्ठा, प्रज्ञा, सम्यक जीवन, सम्यक आहार, सम्यक दृष्टि, सम्यक वचन, दया, करुणा, विश्वास, श्रद्धा र भक्तिमा निहित रहन्छ । सर्व जगत प्राणीहरु वनस्पतिमा निर्भर छन् भने सम्पूर्ण जगत प्राणी तथा वनस्पतिको सृष्टि परमात्मा गुरुहरुद्वारा भएको हो । संसार अडिनुको मुख्य अन्ततः सत्य धर्म हो । तसर्थ सर्व ज्ञान, शील र धर्मको तत्वहरु यथाशीघ्र सम्पूर्ण जगत प्राणीहरुले त्रुटीरहित सर्बोच्च सत् बोधहरु सुपरीणामका साथ सत् धर्मरुपी परिशुद्ध आधारभूतहरु बोध गरुन् ।

सर्व मैत्री मंगलम् अस्तु तथास्तु

https://bsds.org/ne/news/199/dharma-sangha-gurujyuko-vani-2073

# वि.सं. २०७० फागुन १० गते लमजुङ, खुदीमा उहाँ धर्म

# संघ गुरुज्युले दिनु भएको धर्म देशना ।

फागुन १०, २०७० (22.02.2014)




धर्म संध

बोधि श्रवण गुरु संघाय

नमो मैत्री सर्व धर्म संघाय

महा मैत्री 'मार्ग गुरु', 'गुरु मार्ग' र 'भगवान मार्गको' अनुशरण गरी, विस्मृत भाव लिई आवागमन गर्ने समस्त संध मित्रता, धर्म प्रेमि अनुयायीहरुलाई मैत्री मंगल गर्दै, वर्तमान यस गुरु क्षणको स्मृति संगै, सन्तापित सर्व आत्माहरुले महा 'मैत्री धर्मको' मार्गमा तत्वको बोध गरुन् । धर्म मात्र एक तत्व हो, जसको धरातलमा टेकेर परमात्मासँग साक्षतकार हुने अवसर पाउँदछ । एवम् भाव रहित, दिशाहीन वाँयू समान भौतारी रहेका आत्माहरुले महा मैत्रीको मंगलनाथ श्रवण गरि यथासिध्र वन्धन मुक्त होउन् । प्याँसको अत्यान्तिक अनुरुप पानिको मोल रुप भए झैं दया, करुणा, अहिंसा, श्रद्धा, आस्था, भक्ति, विश्वास र मार्ग प्रतिको अटल मानव जीवनमा धर्मको मोल हुने गर्दछ । धर्ममा प्रवेश हुनु भनेको मुक्ति–मोक्षको मार्गमा लिन हुनु हो । जुन मार्ग मा मुक्ति र मोक्ष रुपि तत्व हुँदैन, सत्य धर्ममा

त्यसलाई कहिल्यै पनि मार्ग भनि स्वीकार्न सकिदैन । एवम् धर्म खण्डित संस्कृतिमा नभएर आत्मा र परमात्मा विचको सेतु 'मैत्री धर्म' ज्ञानको परिपूर्णतामा अपलब्ध हुने गर्दछ । मनुष्यले मैत्री ज्ञानबाट टाढा रहि जस्तो सुकै अभ्यास गरे पनि सत्य तत्वको प्राप्ती असम्भव छ । क्षणिक संसारमा लाभ भएको देखिएता पनि अन्ततः सवै व्यर्थ ठहरिने छ । असंख्य प्राणीहरुको जीवन चक्र र आवागमन समस्त लोकहरुको व्यवस्था एवम् आत्मा र परमात्मा विचको अखण्डता हो । धर्म सूर्य उदाउँनु र अस्ताउँनु, आकाशमा जुन तारा चम्कनु, प्रकृतिमा फूल फुल्नु हो । धर्म अनन्त अधोर दुःखको स्वप्नबाट विउँझिएर वास्तविकतामा आफुलाई स–कुशल पाए झैं यस अनित्य संसारको क्षणभंगूरता बोध गर्नु हो । कुशल–विचार, वुद्धिमत्ता भएको मनुष्यले, धर्ममा के गुण छ  वस्तु धर्मले के गर्छ ? भनि प्रश्न गर्नु भन्दा, संसारिक वस्तुको वासना र वन्धनहरुले मनुष्य आफूलाई के दिएको छ भन्ने प्रश्नको खोज किन गर्दैन ? मनुष्य आफुले अनुसरण गरेको मार्गले मुक्ति र मोक्ष रुपी तत्व समेटेको छ वा छैन भन्ने विषय मनुष्यको आफ्रो नितान्त व्यक्तिगत अन्तर खोज हो । गुरुले धर्म पूरा गर्छ । लोकलाई मार्ग दिएर तर मार्गमा यात्रा मनुष्य स्वयम्ले गर्नु पर्दछ । गुरुबाट मार्ग दर्शन भई रहदा मार्गमा यात्रा गर्ने आत्माहरुले संञ्चित गरेको पुण्य र अन्य कर्म अनुरुप पाउनु पर्ने तत्व र भोग्नु पर्ने सत्य सुनिश्चित हुने गर्दछ ।

मार्गमा विभिद दुमाफहरु आउनु स्वभाविक भएता पनि तात्विक विषय गुरु मार्ग प्रतिको श्रद्धा र विश्वास हो । होस, रहि रहोस, धर्म तत्वको अनमोल रत्नहरुले भरिपूर्ण यस महा मैत्री मार्ग सर्वज्ञानको महा बोधले पूर्णता छ । तथापि मनुष्यहरुले रित्तो शब्दको भन्डारण गर्नु पुर्व आफ्रो जीवनमा प्रयोग वा गुरु मार्गको अनुसरण गरे सिध्रै नै मार्ग तत्वको बोध हुँनेछ । धर्तिमा टेकेर आकाशको आसनमा अडिनु । मनुष्य चोलामा रहेर पनि मैत्री धर्मको बोध संगै परमात्माको विराट स्वरुपको दर्शन पाउनु । आफु लगायत समस्त लोकको रहस्य बोध हुनु । चित्तको असंख्य भव सागरबाट पानी सरह वास्विभुत भई खुल्ला आकाशमा मुक्त हुनु हो । सर्व धर्म वा गुरु ज्ञान भन्दा उच्च ज्ञान–गुणका तत्वहरुलाई प्रदान गरि विश्वभर पूर्वी भ्रमित लोप गराउने योग्यतालाइ नै 'मैत्री धर्म' भनेको हो । तदनुसार सर्व धर्मको पूर्वी अस्तित्व 'मैत्री धर्मको' मार्गमा नै ससीम हुन्छ । 'मैत्री धर्म' मार्गमा मनुष्यले जीवनको अन्तिम क्षणसम्म धर्मको सत्य अभ्यास गरे मात्र धर्म लाभ गर्दछ । यस मैत्री सन्देशका साथ सम्पूर्ण विश्व मानव भित्रको क्लेशलाई मुक्त गर्न मैत्रीय ११ वटा शिलहरु दिइ रहेको छु ।

1. नाम, रूप, जाति, धर्म, वर्ण, वर्ग, लिङ्ग, आस्था, समुदाय, राष्ट्र, शक्ति, पद, योग्यता आदिको अधारमा भेदभाव कहिल्यै नगर्नु तथा भौतिक, आध्यात्मिक भन्ने मतभेदहरू त्याग्नु ।

2. शाश्वत धर्म मार्ग र गुरूको पहिचान गरि, सर्व धर्म र आस्थाको सम्मान गर्नु ।

3. असत्य, आरोप, प्रत्यारोप अवमूल्यन तथा अस्तित्वहिन वचन गरेर भ्रम फैलाउन त्याग्नु ।

4. भेदभाव तथा मतभेदको सिमाङ्कन गर्ने दर्शन वा बाटोलाई त्यागी सत्य मार्ग अपनाउनु ।

5. जीवन रहुन्जेल सत्य गुरू मार्गको अनुशरण गर्दै, पाप कर्महरू त्यागी, गुरू तत्वको समागममा सदा लीन रहनु ।

6. आफुले प्राप्ती नगरेको तत्वलाई शब्दजालको व्याख्याले सिद्ध गर्न नखोज्नु तथा भ्रममा रहेर अरुलाई भ्रमित नपार्नु ।

7. प्राणी हत्या, हिंसा जस्ता दानविय आचरण त्यागी शुद्ध आहार गर्नु ।

8. राष्ट्रिय पहिचानको आधारमा मानिस वा राष्ट्रप्रतिको संकिर्ण सोच नराख्नु ।

9. सत्य गुरू मार्गको अनुशरण गर्दै, आफु लगायत विश्वलाई लाभान्वित हुने कर्म गर्नु ।

10. सत्यलाई उपलब्ध भइ गुरू मार्ग रूप लिइ, समस्त जगत प्राणीको निमित्त तत्व प्राप्त गर्नु ।

11. चित्तको उच्चतम र गहनतम अवस्थामा रहेर अनेकौं शिलहरूको आत्मा बोध गरि सम्पूर्ण बन्धनबाट मुक्त हुनु ।

यो मैत्रीय ११ वटा शिलहरु संगै सबै संघहरुले आत्मा साथ गरि आफू लगायत समस्त प्राणीहरुको उद्धार गर्नु । यस सत्य मार्ग ज्ञानलाई साराले बोध गरुन् । संसारिक वस्तु नाम, यश, कीर्तिको पछि अहङ्कार वस नरुमलिएर मनुष्यले सदा आत्मामा मैत्री भाव राख्दै, परमात्माको स्मृतिमा तटस्थ रहि रहनु हो । लोकमा सत्य धर्मलाई पुनः अधिष्ठान गर्न यूगौंको अन्तरालमा गुरु मार्गको अवतरण भएको छ । यस स्वर्णिम क्षणको बोध सर्व प्राणी एवम् वनस्पतिले गरे झैं मनुष्यले पनि क्लेश रहित हुँदै, यस महा मैत्री मार्गमा यथासिध्र धर्म लाभ गरुन् ।

सर्व मैत्री मंगलम अस्तु तथास्तु ।।

https://bsds.org/ne/news/170/dharma-desana-lamjung

# वि.सं. २०७० साल जेष्ठ २५ गते चितवनको शारदा नगरमा

# दिनु भएको धर्म देशना ।

जेठ २५, २०७० (08.06.2013)




धर्म संघ

बोधि श्रवण गुरु संघाय

नमो मैत्री सर्व धर्म संघाय

सत्य धर्म, गुरु र मार्गको अनुशरण गर्दै लोकले धर्म तत्वको बोध गरुन् । एवम् मुक्ति–मोक्ष रुपी यस महा 'मैत्री धर्म' मार्गको परम ज्ञानले समस्त लोक प्राणीहरु तृप्त होउन् । धर्म तत्वको विज्ञान अति गहन र असीम छ । सत् धर्म तत्व बोध हुनको निमित्त स्वयम् तत्व रुपी हुनु पर्दछ । धर्म तत्व केवल यस लोकमा मात्र सिमित नभई समस्त अस्तित्वमा रहेको छ । मनुष्यले बोध गरुन् यो लोक मात्र एउटा अवसर हो । धर्म तत्व बोध गर्नको निमित्त । कुनै वृक्षमा असंख्य फूलहरु अंकुरित भएता पनि सिमितले मात्र फलको स्वरुप प्राप्त गरे झैं मनुष्यले पनि धर्म प्राप्त गर्दछ । तथापि सत्य धर्मको मार्गमा भने झरेको फूलहरुको पनि अस्तित्व वा महत्वा रहन्छ । एवम् प्रत्येक फूलहरुको पनि छुट्टै विशेषता वा धर्म गुण हुने गर्दछ । सत्य धर्मको अनुसरण गर्नु । एवम् धर्म तत्व प्राप्त गरि मुक्ति–मोक्षमा लिन हुनु नै मनुष्य जीवनको मूल उद्वेश्य हो । गुरुले आफ्नो धर्म पूरा गर्छ । संसारलाई मार्ग दिएर । तथापि मार्गमा हिँड्ने प्रत्येक पाइलाहरुको जिम्मेवारी मनूष्य आफैको व्यक्तिगत खोज हो । मुक्ति–मोक्ष रुपी तत्व आफूले अनुसरण गरेको मार्गमा छ वा छैन भन्ने

पनि मनुष्यको अर्को नितान्त व्यक्तिगत् खोज हो । मनुष्यले आफ्नो जीवनमा मैत्री ज्ञानबाट टाढा रहि धर्मको नाममा जस्तो सुकै अभ्यास गरेता पनि अस्तित्वगत् सत्य तत्वको प्राप्ती असम्भव छ । त्यो केवल क्षणिक संसारको भोग मात्र हुनेछ । संसारिक मार्गमा मनुष्यहरुको अहङ्कार वा वासनाहरुलाई यथावत राख्ने अनेकौं सुक्ष्म उपायहरु भएको हुँदा वासनारुपी मनुष्यहरु हिड्न चाहदैनन् । तर विडम्बना चित्तको अन्तस्करणमा बोध प्रत्येक मनुष्यलाई छ । कुन मार्गले कहाँ पुर्याउँछ । गुरुबाट मार्ग दर्शन हुँदा, मार्गमा यात्रा गर्ने प्रत्येक आत्माको संञ्चित धर्म पुण्य अनूरुप पाउनु पर्ने तत्व र भोग्नु पर्ने सत्य सुनिश्चित छ । तथापि होस, रहिरहोस यात्रा आफ्नै हो । अहङ्कार र वासनाहरुको बोध गर्दै, धर्म तत्वको गुणले युक्त भई संसारिक सर्व बन्धनहरुबाट मुक्त हुन सकिन्छ । जसको निमित्त मनुष्यले जीवनको अन्तिम क्षणसम्म धर्मको स्ततः प्रयास गरि रहनु पर्दछ । यस 'मैत्री धर्म' ज्ञानलाई सारा लोकले आत्मा साथ गर्दै, बोध गरुन् ।

सर्व मैत्री मंगलम् अस्तु, तथास्तु ।।

https://bsds.org/ne/news/158/vi-sn-2070-saal-jesstth-25-gte-citvnko-shaardaa

# वि.सं. २०६९ चैत्र २७ गते सर्लाही, पथरकोटमा विश्व शान्ति मैत्री पुजामा दिनु भएको धर्म देशना ।

चैत्र २७, २०६९ (09.04.2013)




धर्म संघ

बोधि श्रवण गुरु संघाय

नमो मैत्री सर्व धर्म संघाय

महा मैत्रीय मार्गको अनुसरण गरि 'मार्ग गुरु', 'गुरु मार्ग' हुँदै 'भगवान मार्ग' सम्मको असंख्य भाव दर्शनमा लिनभई समस्त प्राणी लोकले महा बोधको अमृतपान गरुन् । एवम् महा मैत्रीय गुरू र मार्गको लोकमा सदा आशिष् रहि रहुन् । ताराहरु असंख्य देखिएता पनि आकाश एउटै भए जस्तै संसारमा देखिएका समस्त धर्म र मार्गको मूल श्रोत अन्ततः एउटै हो । त्यो हो बोध, लोकको विभिन्न काल खण्डमा वोध भएको वा वोध प्राप्त भएको गुरूहरुबाट समय अनुकुल लोक कल्याणको निमित्त भनि प्रतिपादित मार्गहरु वर्तमान क्षणमा विभिद धर्म मार्ग, दर्शन र संस्कृतिको रंगमा रंगिएको छ । धर्म र मार्गको नाममा झन्भन् सत्य तत्वबाट विमुख हुँदै सहि, गलत, पाप, धर्म, गुरू र मार्ग छुट्ट्याउन नसकेर हो या नचाहेर अनायासै मनुष्यहरु अन्धकारमय तत्वहिन दिशा तिर देखि रहेको छु । पूर्ववत एक भाव गरि बोध प्राप्त गर्नु भएको बुद्ध केवल मार्ग इंगित गराउनु हुने मार्ग गुरु हुन् । तथापि वर्तमान क्षणमा पूर्ववत वुद्धको गुरु छैन भन्ने भ्रम लोकमा भएता पनि यस मार्ग गुरुको गुरु को हुनु हुन्छ भन्ने प्रश्न र वास्तविकता यथेष्ट छदैछ । अस्तित्वमा आसीन अनेकौं भावहरु, गुरुहरु, मार्गहरु अझै लोकमा रहस्य नै छन् । समयको अत्यान्तिक अनुरुप गुरु मार्गको दर्शन गराई रहेको छु । समस्त गुरुहरुको एउटै मार्ग भएतापनि आ–आफ्नै शासन र स्थान हुने गर्दछ । शासन अनुरुप फल प्राप्ती

हुने गर्दछ । ‘गुरू मार्ग’ त्यो मार्ग हो । जुन मार्गमा समस्त लोक प्राणी र वनस्पतिले मैत्री मार्ग अनुसरण गरि मुक्ति र मोक्ष प्राप्ती गर्दछ । मानव लोकमा मनुष्य स्वतन्त्र छन् । धर्मको मार्गमा लिन होस या पाप चर्यामा जीवन व्यतित गरोस । यस लोकको अर्थ नै धर्म र अधर्म पाप छुट्टयाउनु हो । तर मनुष्य आफुले गरेको राम्रो वा नराम्रो कर्म अनुरुपको फल सुनिश्चित छ । यूगौं पछि लोकमा गुरु मार्गको अवतरण भएको छ । समझदारी, अहिंसा दया, करुणा, प्रेम तथा मैत्री भावको रसले व्याकुल लोकलाई तृप्त गराई ‘मैत्री धर्मको’ शासन स्थापित गराउनको निमित्त गुरुको भर भरोसा रहि रहने छ । तर सर्वज्ञानको भावना राख्ने मनुष्यले अहङ्कार बस यस गुरु क्षणको सद अपयोग गर्न सकेन । एक क्षण आत्मालाई साक्षि राखि मानवकूलले भावना गरोस् गुरुको यो तपस्वर्या किन ? अन्ततः केवल लोक प्राणी र वनश्पतिको मुक्ती र मेक्षको निमित्त तथापि होला । कसैले गुरुबाट अन्य संसारीक वस्तुको लाभ हुन्छ भन्ने आसय बोकेको तर गुरुले दिन सक्ने मात्र धर्म मार्ग र मुक्ति र मोक्ष हो । तर विडम्बना भनौ या काल अतित देखि सङ्क्रमित मनुष्यको मनोवृत्ति बदलामा गुरूलाई दिइन्छ । आरोप, अविश्वास, हिंसा, बाधा, अड्चना, यस मानव कुल समाज र व्यवस्था लगायत समस्त लोकलाई धर्म र मार्गको आवश्यकता पर्दछ । नाकि धूर्मलाई मनुष्यहरुले यो सत्य बोध गरुन् । एवम् मैत्री भाव तत्वको खोजमा जीवन यापन गरुन् । सत्य मार्गको लोक व्यापि दर्शन गराउनको निमित्त आउने दिनहरुमा गुरु भ्रमण पनि हुने नै छ ।

सर्व मैत्री मंगलम अस्तु, तथास्तु ।।

https://bsds.org/ne/news/148/vi-sn-2069-caitr-27-gte-srlaahii-pthrkottmaa-vishv

# मिति २०६९ भाद्र २५ गते सिन्धुलीमा भएको विश्व शान्ति मैत्री पूजामा, धर्म संघ गुरुज्युबाट भएको धर्म देशना ।

भाद्र २५, २०६९ (10.09.2012)




धर्म संध

बोधि श्रवण धर्म संघाय

नमो मैत्री सर्व धर्म संघाय

सत्य धर्म र गुरुको अनुशरण गर्दै वर्तमान यो समयमा यहाँ उपस्थित–अनुपस्थित समस्त आत्माहरुलाई मैत्री मंगल गर्दै, लोक कल्याण एवं प्राणीधानको यस महा मैत्री मार्गमा आत्मा, शरीर, वचन र गुरुको साक्षी भई शास्वत धर्मको उद्घोष गरि रहेको छु । शास्वत सास भएको अजर, अमर, अविनाशि तत्वलाई बोध गर्नको निमित्त चित्तमा मात्र एकसुर धर्मलाई लिएर जीवन चर्या गर्नु पर्दछ । धर्म शब्द पूर्णतया आफैमा पर्याप्त छैन, कसरि धर्म मात्र एउटा शब्दमा अटाउन सक्छ ? जुन धर्म तत्वमा समस्त लोकहरु अडेको छ । धर्म कुनै बुझ्ने तत्व नभएर बोध गर्ने सत्य हो । मनुष्यहरु विचमा मात्र नभई, चराचर जगत प्राणी एवम् वनस्पति सम्म समागममा रहि दया, करुणा, प्रेम र मैत्री भाव गर्न सके, मैत्री भावको रस सेवन गर्न सके, अपूर्व मैत्री भावमा जिवन चर्या गर्न सकिन्छ । फलस्वरुप जीवन उपरान्त मुक्ति र मोक्ष प्राप्ती हुँनेछ । धर्मको नाममा प्राणी हत्या, ऋद्धि–चमत्कारि देखाउनु, तन्त्र–मन्त्र गर्नु मात्र क्षणिक स्वार्थ पूर्तिको बाटो

हो । धर्म मात्र त्यो हो, जसले प्राणीलाई भेदभाव रहित कर्म अनुरुप मुक्ति र मोक्षको मार्ग प्रदान गर्छ । परापूर्व कालदेखि लोकमा मनुष्यहरु भव सागरमा रूमलिएर तत्वहिन वस्तु र मार्गमा तत्वरुपी मनुष्य चोला लिएर पनि कल्पौंदेखि जान–अज्ञानमा भौतारी रहेका छन् । किनकी पुण्यवान आत्माहरु जो कि शरणमा रहि सत्य मार्गको अनुसरण गरिरहेका छन् । एवम् गुरु स्वयम् पनि पूर्ववत हजारौ बुद्धहरु भन्दा उच्च गुरुहरुको धर्म शासनमा रहि आएको छ । भावि दिनहरुमा गुरु र धर्मको दर्शन गराउदै जाने नै छु र सदा गराई रहेको छु । असंख्य भाव सागरमा रुमलिएर तृष्णा वस संश्चित गरेको कर्महरुको निवारण गर्नको निमित्त धर्मको शासनमा रहि, सुद्ध चित्तको भावना गर्दै, अखण्ड रुपले किश्चित पनि विमुख नभई गुरुमार्गमा लागी पर्नु पर्दछ । म र मेरो भन्ने लोभ र अहंकार निभाउने ममतालाई त्यागेर सर्वप्रणी लोकको निमित्त अनाश्रव भावना गर्दै जिवन यापन गरेमा मात्र मुनुष्य जिवन सफल हुनेछ । अन्ततः लोकमा आउनुको उद्वेश्य के हो ? खोज कुन तत्वको हो ? सम्पूर्ण अस्तित्व लगायत अफु स्वयम् प्रतिको दायित्व र धर्म के हो ? आत्मा परमात्मा विचको सेतुहरु के हुन ? यस्ता असिम र सुख क्षणको अन्तर खोजमा जिवनको कालचक्र व्यतित गर्नु पर्दछ, ना कि क्षणिक विलासीता र भौतिक वन्धनहरु मात्र, अन्ततः भेदभाव रहित एक प्राणी, एक जगत, एक भाव, धर्म, एवम् मैत्री भाव स्थापित गर्दै, लोकलाई धर्म ध्वनिमा अल्पित गर्न र विश्वभरिका असंख्य व्याकुल मानवहरुलाई मैत्री रसले तृप्त गराउदै मार्ग दर्शन गराउन आउने समयमा गुरु भ्रमण हुने नै छ । गुरु सत्य छ, किनकि गुरु धर्ममा छ । मात्र गल्ती एउटै भौतिक संसारमा गुरुबाट धर्मको शासन विस्तार भएको छ । जे छ, सत्य छ ।

सर्व मैत्री मंगलम् अस्तु, तथस्तु ।।

https://bsds.org/ne/news/137/miti-2069-bhaadr-25-gte-sindhuliimaa-bheko-vishv

# चैत्र २९ गति दिनु भएको धर्मदेशना

चैत्र २९, २०६८ (11.04.2012)




समस्त संघ एवं अनुययिहरुलाई मैत्रि मंगल गर्दै आजको युग.... सत्य मार्गको अनुसरण गरि धर्मको शासन विस्तार गरि लोकमा धर्म, शान्ति, समजदारी र मैत्रीभाव विस्तापित गर्दै समस्त जगतप्राणीहरुलाई मुक्ति र मोक्षको मार्ग प्रधान गर्नु हो |

Samasta sangha evam anuyaeeharulai maîtri mangal gardai aajako yug vela matra utsav nabhaera satya margako anusaran gari dharmako shaasan bistaar gari lokmaa dharma, shanti, samajhdaari ra maitribhav vistaapit gardai samasta jagatpraniharulai mukti ra mokshako maarga pradhaan garnu ho.

सत्यमार्ग अनुशरण गर्ने क्रम सत्य गुरुको तत्तयीत बोध नभई पूर्णता पाउन कठिन छ |

Satya maarga anusaran garne kram satya guruko tattayeet bodh nabhai purnataa paauna kathin chha.

गुरु शब्दमा लुकेको तत्वहरुलाई खोज गर्न सके, बोध गर्न सके मनुष्य जीवन फलदायी हुन सक्छ |

Guru sabda ma lukeko tattvaharulaai khoj garna sake, bodh garna sake, manushya jeewan phaldaayee huna sakchha.

संसारीक अंकुशहरुबाट मुक्त भएको हुनाले गुरु संसारमै देखिए पनि संसारीक गुरु नभएर विसुद्ध धर्म गुरु हो |

Sansaareek ankushharu baata mukta bhayeko hunaale guru sansaarmai dekhiye pani sansaareek guru nabhaera visuddha dharma guru ho.

लोकमा धम्मको शासन विस्तापित गर्नको निमित्त गुरुको जति नै संघहरुको पनि पूर्ण आस्था र समर्पण हुनु पर्दछ |

Lokmaa dharmako shaasan vistaar garnako nimitta guruko jatinai sanghaharuko pani purna aastha ra samarpan hunu pardachha.

एवं संघहरुको शीलको सुगन्ध एक आपसमा मैत्रेयाभाव तथा एकरूप हुनु पर्दछा |

ēvaṁ saṅghaharukō śīlakō sugandha ēka āpasamā maitrēyābhāva tathā ēkarūpa hunu pardachā.

गुरुले गरेको कार्यमा हस्तछेप गर्नु भनेको धर्म र मार्गमा हस्तेछेप गर्नु हो |

Gurule gareko kaaryamaa hastachhep ra baadha garnu bhaneko dharma ra maargamaa hastachhep garnu ho.

तथापि सत्य धर्मको शासन विस्तार गर्दा अनेकौं बाधा अड्चना र हस्तछेप हुनु स्वोभाविक हो |

Tathaapi satya dharmako shaasan vistaar garda anekaun baadhaa adchanaa ra hastachhep hunu swobhaavik ho.

तर धर्म विरोधि तत्वहरुको आत्मा, शरीर र बचनले साछी भई सामना गर्नु वा निवारण गर्नु प्रत्येक संघहरुको अर्को व्यक्तिगत धर्म कर्तव्य हो |

tara dharma virodhi tatvaharuko aatmaa, sharir ra vachanle saachhi bhai saamanaa garnu vaa nivaran garnu pratyek sanghaharuko arko byaktigat dharma ra kartevya ho.

गुरु स्वयं रहिरहदाको यस अमूल्य क्षणहरुलाई आत्मसात गरी धर्मं धवानिमा लीन भई समस्त संघहरूले आफ्नो चरम बुद्धिमता प्रमाणित गरि गुरु... प्रत्येक गुरु क्षणहरु सदा उपयोग गरुन

Guru svayaṁ rahirahadākō yas amūlya kṣaṇharulā'ī ātmasāt garī dharmaṁ dhavānimā līn bha'ī samasta saṅghaharūlē āphnō caram bud'dhimatā pramāṇita gari guru... Pratyēka guru kṣaṇaharu sadā upayōga garuna.

|| सर्व मैत्री मंगलम अस्तु, तथास्तु ||

https://bsds.org/ne/news/127/caitr-29-gti-dinu-bheko-dhrmdeshnaa

# 26.03.2012

चैत्र १३, २०६८ (26.03.2012)
विश्व शान्ति मैत्री पूजामा उपस्थित सबै संघहरुलाई धर्मको शासनमा रही विश्वलाई एकरूप दर्शन देयी विगत, वर्तमान र आउने दिनहरुको समस्त अन्योलहरु र मारहौर दिया गरि सम्पूर्ण जगतप्राणी धर्मको परिसिद्धि प्राप्त मिलाई हुन सकोश |

Vishwa Shanti Maitri Pujama upasthit sabai sanghaharulai Dharmako shaashanma rahi vishwalai ekrup darshan deyi vigat, vartman ra aaune dinharuko samasta annyolharu ra maaraharu diya gari sampurna jagatprani dharmako parisidhi prapt milai huna sakosh.

सत्य धर्मको मार्गमा मार्ग अनुसरण गरि परिसिद्ध भई विश्वशान्ति समझदारी र मैत्री भाव स्थापित भई धर्म लोकको धरानले अवतरित होए |

Satya Dharmako maargama marga anusaran gari parisiddha bhai vishwashanti samajhdari ra maitri bhaav sthapit bhai Dharma lokko dharanle avatrit hoye.

|| सर्व मैत्री मंगलम अस्तु, तथास्तु ||

Sarva Manglam Astu Tathastu !

https://bsds.org/ne/news/125/26-03-2012

# तपो भुमी हलखोरियामा मिती २०६८ साल चैत्र महिना ८ गतेको दिन, विश्व शान्ति मैत्री पूजा कार्यक्रममा धर्म संघ गुरुज्युद्वारा भएको धर्म देशना ।

चैत्र ८, २०६८ (21.03.2012)




धर्म संध

नमो वोधि श्रवण गुरु धर्म संघाय

नमो मैत्री सर्व धर्म संघाय

सत्य धर्मको अनुसरण गर्दै विशुद्ध मार्गको खोजमा विश्व शान्ति मैत्री पूजामा एकिकृत सम्पूर्ण धर्म प्रेमि अनुयायीहरुलाई

मैत्री मंगल गर्दै, समस्त जगत प्राणीको दुःख र सन्तापबाट उन्मुक्त गराउन गुरु मार्गको रुप लिई, मैत्रीय मिती तदानुरुप ३५ हजर वर्ष अगाडी अवतरण भएको 'वोधि श्रवण धर्म संध'लाई प्राण–प्रतिष्ठान गर्दै, विश्वलाई यूगौं पछि साश्वत् धर्मको सन्देश दिई रहेको छु । एउटा फूलको आफ्नो सौन्दर्य र सुगन्घ समस्त सृष्टिमा निर्विवाद रुपले अर्पण–समर्पण गरे मात्र त्यसको अस्तित्व रहे झैं मनुष्यले आफ्नो जीवनबाट काम, क्रोध, लोभ, मोह, अहङ्कार, हत्या, हिंसा र अन्य क्लेशहरु नष्ट गरी सत्य धर्मको नीति–नियम पालना नगरे सम्म धम्मको अर्थ सुगन्घ फूल फूल्न सक्दैन । २०६२ साल जेष्ट २ गते देखि २०६८ साल जेष्ट २ गते सम्म धर्मको कठोर अभ्यास र आसनहरु गरिरहदा सत्य मुक्ति–मोक्षको मार्ग बनेर संसारको निमित्त आत्मा साथ गर्दै, रत्तिभर चित्तलाई विचलित नगरी पूर्ण निष्ठाका साथ मैत्री ध्यानमा समाधिष्ठ हुँदा अवतरित भएको मार्ग हो, 'वोधि श्रवण धर्म संध' । 'वोधि श्रवण' अर्थात सत्य तथा गुरु तत्वको वोध हुनु हो । अस्तित्वगत् तत्वको पहिचान हुनु हो वा सर्वज्ञानले यूक्त हुनु हो । तथा 'धर्म संध' शब्दले लोक–लोकत्तरका सर्व गुरुलाई सम्वोधन गर्दछ । 'वोधि श्रवण धर्म संध' अर्थात समस्त गुरुहरुले 'बोधि मार्ग', 'मार्ग गुरु' र 'गुरु मार्ग'बाट बोध गर्नु भएको वा ज्ञान प्राप्त भएको हुनाले 'बोधि श्रवण धर्म संध' नामकरण गर्नु भएको हो । यस गुरु मार्गको लक्ष्य संसारका असंख्य प्राणीहरुको दुःखबाट मुक्त गराई, अनन्त कालसम्म सत्य धर्म मुक्ति–मोक्षको मार्गहरु प्रतिपादन गराई लोकमा मैत्री भाव फैलाउनु हो । श्रद्धा, विश्वास र आस्थाको मार्गमा शरीर, बचन, आत्मालाई शुद्ध गरी शिलको पालना गर्नाले मनुष्य जीवनमा अमनुष्य दिव्य रत्ति प्राप्ती हुँनेछ । धर्म, शान्ति, अहिंसा, समझदारी र मैत्री भाव स्थापित हुनको निमित्त मनुष्यहरुले त्याग्नु पर्ने निम्न कुराहरु जस्तै काम, क्रोध, लोभ, मोह, इर्ष्य, हत्या, हिंसा, अहंकार, कलह, धृणा, तिरस्कार, अवमूल्यन, असन्तोष, अविश्वास, शंका, भ्रान्ति, मिथ्या दृष्टि, स्वार्थ पूर्ति, दुष्ट वचन, कूलत, कुसंगत, कुकर्म, दुष्कर्म, भूत–प्रेत, बाधा–अड्चना, असत्यलाई सत्य र सत्यलाई असत्य तुल्याउने, धर्म, जाति, क्षेत्र, समुदाय र संधहरुमा भेदभाव र फाँटो ल्याउने । मेरो, आफ्नो, हाम्रो, गाउँ, इकाई, नगर, राष्ट्र, अन्तराष्ट्र हुँदै विश्वभरी नै भ्रान्ति फैलाएर भ्रमको खेति गर्ने । धर्म, अध्यात्म, अध्यन, दर्शन ज्ञानको नाममा हत्या, हिंसा, कुकर्म, दुष्कर्म र अशान्तिलाई अङ्गिकार गरी मानव सभ्यता विच अस्तित्वमा नभएको भ्रमको जञ्जाल, भेदभाव तथा मतभेदको पर्खाल खडा गर्ने आडम्बरी ज्ञानहरु हुन् । यूगौ देखी संसारलाई भ्रमित पारि भ्रम फैलाउनेहरुबाट सचेत भई विगतमा अन्योल परेका समस्त संध, धर्म प्रेमी अनुयायीहरु तथा सत्यको खोजिहरुलाई सत्य धर्म गुरु मार्गको अनुसरण गर्न र गराउन अनुमोदन गरी रहेको छु । सत्य धर्म गुरु मार्गको अनुशरण गरी सत्कर्म गरेमा आफ्नो पुर्वको कर्म अनुरुप आईपर्ने मारहरु अपाङ्ग, लाटो, बहिरो, अन्धो जस्ता जन्मजात वा जन्म पश्चात आफु वा आफ्नो सन्ततिहरुमा आउन सक्ने दुष्परिणामलाई सत्यमा रहि सत्यको प्रतापले नष्ट गर्न सकिन्छ । मनुष्यको अति नै अन्तरात्ममा गढेको क्लेशहरु नष्ट गरि, शुद्धी गराइ आफु र अरुको उद्धार र मैत्री भाव फैलाउनको निमित्त यो शिलहरु दिई रहेको छु ।

1. नाम, रूप, जाति, धर्म, वर्ण, वर्ग, लिङ्ग, आस्था, समुदाय, राष्ट्र, शक्ति, पद, योग्यता आदिको अधारमा भेदभाव कहिल्यै नगर्नु तथा भौतिक, आध्यात्मिक भन्ने मतभेदहरु त्याग्नु ।

2. शास्वत धर्म मार्ग र गुरुको पहिचान गरि, सर्व धर्म र आस्थाको सम्मान गर्नु ।

3. असत्य, आरोप, प्रत्यारोप अवमूल्यन तथा अस्तित्वहिन वचन गरेर भ्रम फैल्याउन त्यग्नु ।

4. भेदभाव तथा मतभेदको सिमाङ्कन गर्ने दर्शन वा बाटोलाई त्यागी सत्य मार्ग अपनाउनु ।

5. जिवन रहुन्नेल सत्य गुरु मार्गको अनुसरण गदै, पाप कर्महरु त्यागी, गुरू तत्वको समागममा सदा लीन रहनु ।

6. आफुले प्राप्ती नगरेको तत्वलाई शब्द जालको व्याख्याले सिद्ध गर्न नखोज्नु तथा भ्रममा रहेर अरुलाई भ्रमित नपार्नु ।

7. प्राणी हत्या, हिंसा जस्ता दानविय आचरण त्यागी सम्यक आहार गर्नु ।

8. राष्ट्रिय पहिचानको आधारमा मानिस वा राष्ट्रप्रतिको संकिर्ण सोच नराख्नु ।

9. सत्य गुरु मार्गको अनुसरण गर्दै, आफु लगायत विश्वलाई लाभान्वित हुने कर्म गर्नु ।

10. सत्यलाई उपलब्ध भई गुरु मार्ग रूपलिई, समस्त जगत प्राणीको निमित्त तत्व प्राप्त गर्नु ।

11. चित्तको उच्चतम् र गहनतम् अवस्थामा रहेर अनेकौं शिलहरुको आत्मा बोध गरि सम्पूर्ण बन्धनबाट मुक्त हुनु ।

